नगर कार्यपालिकाको बैठक बैठक संख्या ६९ मिति २०७६/०५/२९

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या ६९ मिति:२०७६/०५/२९

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | (हस्ताक्षर) |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | (हस्ताक्षर) |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | (हस्ताक्षर) |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | (हस्ताक्षर) |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | (हस्ताक्षर) |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | (हस्ताक्षर) |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | (हस्ताक्षर) |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | (हस्ताक्षर) |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | (हस्ताक्षर) |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपीचन्द्र गौतम | सदस्य | (हस्ताक्षर) |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | (हस्ताक्षर) |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरवबहादुर खड्का | सदस्य | (हस्ताक्षर) |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | (हस्ताक्षर) |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | (हस्ताक्षर) |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | (हस्ताक्षर) |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | (हस्ताक्षर) |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | (हस्ताक्षर) |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | (हस्ताक्षर) |
| १. | आमन्त्रित | श्री सौजन कट्वाल | | (हस्ताक्षर) |

मिति २०७६/०५/२९ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. संविधान दिवश मनाउने सन्दर्भमा यस नगरपालिकामा समेत संविधान दिवश देहाय बमोजिम कार्यक्रम गरी भव्यताका साथ मनाउने।

| मिति | कार्यक्रम |
|---|---|
| २०७६/०६/०२ | १.विहान ७ बजे महिला पुरुष म्याराथन दौड सालबारी देउनिया खोला छेउबाट देवकोटा चौक सम्म/उत्कृष्ट सहभागिलाई पुरस्कार वितरण कार्यक्रम<br>२.दिउँसो २ बजे नगरपालिकाका सबै विद्यालयहरुमा राष्ट्रिय झण्डोत्तल तथा संविधानका बारेमा जनप्रतिनिधिको उपस्थितिमा कार्यक्रम ~~कार्यक्रम~~ आयोजना गर्ने |
| २०७६/०६/०३ | विहान ७ बजे नगरपालिका कार्यालयबाट देवकोटा चौक सम्म सामाजिक संघसंस्था,शिक्षक ,कर्मचारी तथा नगरवासीको उपस्थितिमा प्रभातफेरी गर्ने।<br>देवकोटा चौकमा कोण सभा गरी शहिद,घाइते वेपत्ता र अपाङ्ग परिवारलाई सम्मान गर्ने |
| २०७६/०६/०४ | दिनको २ बजेबाट शनिश्चरे माध्यमिक विद्यालयमा राष्ट्रभक्ति मौलिक कला सँस्कृति सहितका झाँकी सहित गिति कार्यक्रम गर्ने |

असोज ३ गते शहिद,घाइते वेपत्ता र अपाङ्ग परिवारलाई सम्मान गर्ने कार्यक्रमका लागि नामावाली संकलन गर्नका लागि नेपाल कम्युनिष्ट पार्टि (नेकपा) बाट २ जना,नेपाली कांग्रेसबाट २ जना,अन्य राजनैतिक दलबाट १ जना र एक जना कर्मचारी रहने गरी समिति निर्माण गरी जिम्मेवारी दिने।

उपरोक्त बमोजिमको कार्यक्रम सञ्चालनको लागि भएको बिल बमोजिमको खर्च युवा,कला सँस्कृति तथा खेलकुद समितिमा बिनियोजित रकमबाट भुक्तानी गर्ने।

२. नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयबाट एक स्थानीय तह एक खेलग्राम नीति अन्तर्गत खेलकुद स्टेडियम निर्माणका लागि प्रस्ताव आह्वान गरिएकामा खेलकुद स्टेडियम निर्माणका लागि अर्जुनधारा-७ स्थित फुलमति खोला किनारमा रहेको खेल मैदानमा स्टेडियम निर्माणका लागि प्रस्ताव पेश गर्ने।र सोका लागि नगरपालिकाको तर्फबाट ३० प्रतिशत लागत साझेदारीका लागि प्रतिबद्धता व्यक्त गर्ने।

३. यस नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनहरुमा व्यापार गर्ने व्यापारीले यस कार्यालयमा बुझाउनु पर्ने बहाल रकम निजहरुले राखेको धरौटीबाट मासिक बहाल रकमको २५ प्रतिशत कट्टी गर्ने र बाँकी बहाल व्यापारी स्वयमले बुझाउने गरी बहाल संकलन गरी आम्दानी बाँध्ने।

४. यस नगरपालिकाबाट नदिजन्य सामाग्री ढुवानी गर्ने मालवाहक सवारीबाट पूर्वाधार प्रयोग शुल्क संकलनका लागि ठेक्का आह्वान गरिएको र आगामी असोज १ गतेबाट नदिजन्य सामाग्री उत्खनन समेत खुला हुने भएकामा देहाय दररेट अनुसार पूर्वाधार प्रयोग शुल्क तथा खोलाकर कार्यालयबाटै कर्मचारी खटाई अमानतबाट संकलन गर्ने।साथै,कर्मचारीहरुलाई सहयोग गर्न स्वयम सेवक खटाउने।साथै,सम्बन्धित वडाका जनप्रतिनिधबाट समन्वय गराउने र आवश्यकता अनुसार सुरक्षा निकायसँग समेत सहयोग माग गर्ने।

पूर्वाधार सेवा शुल्क

| क्र.सं. | कर | विवरण | रकम (रु) |
|---|---|---|---|
| १ | पूर्वाधार प्रयोग शुल्क | प्रति ट्र्याक्टर | ५०/- (पचास मात्र ) |
| | | प्रति टिपर | १५०/- (एक सय पचास) |
| | | प्रति हाइवा | ३००/- (तिन सय मात्र ) |

खोला कर (ढुङ्गा गिटी बालुवा आदि)

| क्र.सं. | कर | विवरण | ढुङ्गा गिटि | बालुवा/भरोट |
|---|---|---|---|---|
| १ | खोला कर | प्रति ट्र्याक्टर | ३३०/- (तिन सय तिस) | २५०/- (दुई सय पचास मात्र) |
| | | प्रति टिपर | १०५०/- (एक हजार पचास मात्र) | ८००/- (आठ सय मात्र) |
| | | प्रति हाइवा | २१००/- (दुई हजार एक सय मात्र) | १५५०/- ( एक हजार पाँच सय पचास मात्र) |

उपरोक्त बमोजिम खटिने कर्मचारी तथा स्वयमसेवकहरुका लागि खाना खाजा तथा निजहरुले अतिरिक्त समय समेत खटिनु पर्ने भएकाले निजहरुलाई अतिरिक्त सुविधा समेत उपलब्ध गराउने।

साथै,खोलाकर संकलनका लागि ठेक्का प्रक्रिया अघि बढाउने।

५. देहाय बमोजिमका संघ संस्थालाई सामाजिक सेवा अनुदानबाट खर्च लेख्ने गरी देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने।

क. जेबि टुहुरे प्रतिष्ठान लाई रु ५० हजार मात्र कार्यक्रम सञ्चालन खर्च उपलब्ध गराउने।

ख. शहिद टेक मान स्मृति खेलमैदानमा आगामी असोज ८ गतेबाट सञ्चालन हुने फुटबल प्रतियोगिता लागि सञ्चालनका लागि रु १ लाख मात्र सहयोग उपलब्ध गराउने ।सो रकमबाटै नगरपालिकाका हेभि मेसिनरी उपकरण १ दिनका लागि उपलब्ध गराउने।

ग. युथ सोसाइटी नेपाल कार्यक्रम सहयोग रु ५० हजार मात्र।

घ. सृजनशील युवा क्लब कार्यक्रम सहयोग रु ५० हजार मात्र।

ङ. नमेटिने घाउ र अस्वस्थामा नामक कृति १५/१५ थान खरिद गर्ने।

६. श्रमिक हित कोष सञ्चालन सम्बन्धमा जिफन्ट,ट्रेड युनियन कांग्रेस,टुकोन लगायतका श्रमिक संगठनहरुबाट एक एक जना प्रतिनिधि माग गरी नगरपालिकाको तर्फबाट अधिकृत श्री हिमराज सेडाई ,सामाजिक विकास समिति संयोजक श्री दिलिप गुरुङ्ग समेत रहने गरी एक समिति गठन गर्ने ।उक्त समितिले कोष सञ्चालन सम्बन्धि कार्यविधि एवं मापदण्ड तयार गरी पेश गर्ने।

७. प्रदेश सरकार, प्रदेश नं. १ बाट आ. व. २०७५/७६ मा सशर्त अनुदान वापत नयाँ शनिश्चरे बजार स्टल निर्माणको लागि रु. १३००००००।०० (अक्षरेपी एक करोड तीस लाख रुपैंया मात्र) प्राप्त भइ मिति २०७५।०९।१० माबोलपत्रको प्रकाशित भइ मिति २०७५।११।२७ मा भवन निर्माणको सम्झौता भएको । तर भवन निर्माण हुने स्थानको जग्गा प्राप्तिमा ढिलाइ हुन गएकोले जेष्ठ महिनामा मात्र कामको शुरु भएको र त्यस पछि वर्षातको समय भएको हुनाले काममा बाधा उत्पन्न भएकोले जम्मा रु.७००९१८३।०० मात्र खर्च हुन गएको र बाँकी रकम रु.५९९०८१७।००प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाइ सकिएकोमा उल्लेखित योजना सञ्चालनका लागि उक्त रकम प्राप्त नभएमा भवन निर्माण कार्य अधुरो रहने हुँदा प्रदेश सरकारसँग सो रकम माग गर्ने।